नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार, काठमाडौं

नेपाल ।

## प्रेस विज्ञप्ति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र नियमित बनाई श्रमिकहरुको हक हितलाई उच्च प्राथमिकता दिदै कार्य गरिरहेको व्यहोरा विदितै छ। मलेसियामा नेपाली श्रमिक पठाउने निश्चित म्यानपावर व्यवसायीहरुलाई फाईदा पुग्नेगरी सिन्डिकेट गर्न लागिएको भनी विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचारको सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

विभिन्न देशहरु जस्तै मलेसियामा नेपाली श्रमिक पठाउने सम्बन्धमा मलेसिया सरकारसँग २०१८ नोभेम्बर २९ मा भएको श्रम समझदारी नवीकरण गर्ने चरणमा रहेको छ। परराष्ट्र मन्त्रालयबाट मिति २०८२/०७/१३ मा मलेसियाको परराष्ट्र मन्त्रालयको श्रमिक व्यवस्थापन सम्बन्धमा पत्र प्राप्त भएको छ। उल्लिखित सन्दर्भमा नेपालको संविधान, नेपालले अंगिकार गरेको श्रम तथा रोजगार सम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि सम्झौता र अन्तर्राष्ट्रिय कानूनको परिधिमा रही मन्त्रालयबाट सरोकारवाला सबै पक्षसँग छलफल गरी उपयुक्त निर्णय गर्ने कुरा सम्बद्ध सबैमा जानकारी गराउँदछौं। यस सम्बन्धी विषयमा नेपाल सरकारबाट सम्बद्ध सबै मन्त्रालय र सरोकारवालाहरुसँग छलफल गरी नेपाली श्रमिकको हकहित सुरक्षित हुने गरी आवश्यक कूटनीतिक पहल भइरहेको सम्बद्ध सबैमा जानकारीको लागि यस मन्त्रालयको हार्दिक अनुरोध छ।

(पिताम्बर घिमिरे)

सहसचिव/प्रवक्ता

मितिः २०८२/०७/१३

नेपाल सम्वत् ११४६